**नगरकार्यपालिका बैठक नं. १९२, मिति २०८३।०२।१३ गते बुधबार थारु संवत २६४९**

**प्रस्तावहरु**

१. अघिल्लो कार्यपालिका बैठकका निर्णय समिक्षा सम्बन्धमा।
२. नगरसभाको मिति तय सम्बन्धमा।
३. आय व्ययको विवरण सम्बन्धमा।
४. अनुगमन प्रतिवेदन सम्बन्धमा।
५. नगरस्तरीय तेस्रो प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाइ प्रतिवेदन सम्बन्धमा।
६. कार्यविधि निर्माण सम्बन्धमा।
७. म्याद थप सम्बन्धमा।
८. बहुवर्षिय टेन्डर आव्हानका लागि स्वीकृती दिने सम्बन्धमा।
९. योजना संशोधन तथा रकमान्तर सम्बन्धमा।
१०. अस्थायी संरचना निर्माण कार्य फुकुवा गर्ने सम्बन्धमा।
११. सिंचाई तथा खानेपानी पाइप खरिदका लागि योजना छनौट सम्बन्धमा।
१२. डिप बोरिङ संचालन सम्बन्धमा।
१३. प्रोत्साहन रकम उपलब्ध गराउने सम्बन्धमा। (नदीजन्य पदार्थ ओसारपसार)
१४. स्वास्थ्य विमा कार्यक्रम संचालन गर्न सुचीकरणका लागि सिफारिस गर्ने सम्बन्धमा।
१५. संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत सम्बन्धमा। (निजि जग्गाबाट ढुङ्गा माटो उठाउन)
१६. ग्राभेल उठाउने अनुमती दिने सम्बन्धमा। (वडा नं. १७)
१७. सुरक्षित आप्रवासन कार्यक्रम सम्बन्धमा।
१८. विविध

नरुलाल चौधरी
नगर प्रमुख

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
दाङ, नेपाल

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

**निर्णय नं. १**

यस अघि बसेको नगरकार्यपालिकाको बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिकाको नगरसभाको १९औं अधिवेशन यहि मिति २०८३ साल असार ३ गते बुधबार दिनको १ बजेका लागि आव्हान गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको आ.व. २०८२/८३को वैशाष मसान्त सम्मको आय र व्ययको विवरण तपसिल बमोजिम रहेको जानकारी गराइयो।

तपसिलः

हालसम्मको आयः६३.६८%, व्ययतर्फ चालु खर्चः६०.७३% र पुँजीगत खर्चः ३२.३६% जम्मा खर्चः४८.३५%

**निर्णय न ४**

घोराही उपमहानगरपालिकाको योजना अनुगमन जाँच पास तथा फरफारक समितिका संयोजक तथा उपप्रमुख श्री हुमा कुमारी डि.सी.ज्यूको संयोजकत्वमा वैशाष महिनासम्म गरिएको ११ वटा योजनाहरुको अनुगमनको प्रतिवेदन नगरकार्यपालिका समक्ष प्रस्तुत गरियो।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकाको तेस्रो त्रैमासिक प्रगति समिक्षा कार्यक्रम तथा नगर स्तरीय सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

घोराही उपमहानगरपालिकाको तपसिल बमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो।

१. सोझै खरिद सम्बन्धी कार्यसंचालन विधि २०८३
२. करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने सम्बन्धी कार्यविधि २०८३

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिकाको चालु आ.व. २०८२/८३ मा स्वीकृत तपसिल बमोजिमका आयोजनामा विनियोजन भएको रकमले उक्त आयोजना सम्पन्न नभइ अधुरो रहने भएकोले उक्त योजना सम्पन्न गर्न अपुग हुने रकम आगामी आ.व.को योजना तथा कार्यक्रम बजेट सुनिश्चितता हुने गरी बहुवर्षिय योजनाको रुपमा ठेक्का आव्हान गर्न पूर्वाधार विकास महाशाखालाई अनुमती दिने निर्णय गरियो।

१. वडा नं. १४ सृजनशील टोल विकास संस्था अन्तर्गत जरुवाको उत्तरतिर वडास्तरीय जेष्ठ नागरिक भवन निर्माण। (अधिकतम लागत १५ लाखमा नबढनेगरी)
२. वडा नं. १४ कपासी टोल बाटो स्तरउन्नती। (अधिकतम लागत ५५ लाखमा नबढनेगरी)



रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

रामबहादुर छगाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

निर्णय नं. ८

घोराही उपमहानगरपालिकाको स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका ठेक्का सम्झौताको तोकिएको मितिमा काम सम्पन्न नभएकोले ती ठेक्काहरुको म्याद थपका लागि आवश्यक कागजात सहित निवेदन प्राप्त भएकोले सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली २०७९को नियम १२०क बमोजिम म्याद थपका लागि पूर्वाधार विकास महाशाखाबाट पेश भएका तपसिल बमोजिमका ठेक्काको म्याद थप गर्ने।

तपसिल

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | NCB/GOODS/ GSMC/07/080/081 | वडा नं. ११ मुल खोलामा ट्रस पुल निर्माण र वडा नं. १२ पाडेखोला र ज्यामिरे खोलाको दोभानमा ट्रस पुल निर्माण | श्री लुम्बिनी इन्जिनियरीङ वर्क्स प्रा.लि. बुटवल रुपन्देही | २०८१।०३।१४ | २०८१।०६।१४ | २०८३।०३।३० |
| २ | NCB/WORKS/ GSMC/11/081/082 | दाङ जिल्ला घोराही उमनपा ९को वडा कार्यालयदेखि एकलघरुवा कर्मटुवा कर्मटियाहुँदै भगुवार जोडने सडक तथा नाला स्तरउन्नती कार्य र दाङ जिल्ला घो.म.न.पा. ९ ल्वाङब्रा कुलोदेखि मकुन्डाँडा चोकहुँदै अस्परी कुलोसम्म कालोपत्रे | एस.आर. कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. चन्द्रागिरि ६ काठमाण्डौ | २०८१।११।२९ | २०८२।०३।२५ | २०८३।०३।२५ (दोस्रो पटक म्याद थप) |

निर्णय नं. ९

घोराही उपमहानगरपालिकाको चालु आ.व.२०८२/८३का लागि स्वीकृत केही योजना तथा कार्यक्रमहरु विविध कारणले सम्पन्न हुन नसक्ने तथा केही योजनाको शीर्षकमा परिवर्तन गर्नुपर्ने भएकोले आगामी नगरसभाबाट अनुमोदन हुने गरी वडास्तरीय योजना तथा कार्यक्रमको हकमा वडा समितिको निर्णय र नगरस्तरीय योजना तथा कार्यक्रमको हकमा सम्बन्धीत विषयगत समितिको निर्णय सहित प्राप्त भएका केही योजना तथा कार्यक्रमहरु आगामी नगरसभामा अनुमोदन हुनेगरी संशोधन तथा रकमान्तर गर्ने निर्णय गरियो।

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
दाङ, नेपाल

रामबहादुर छगाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

निर्णय नं. १०

घोराही उपमहानगरपलिका वडा नं. १५ मा रहेको गेहेन्द्रदेव बस्नेत र लक्ष्मी बस्नेतको संयुक्त नाममा रहेको कि.नं. २९३को जग्गा यस कार्यालयबाट मिति २०८३।०१।१७ गते निर्माण कार्य रोक्का गर्न पत्राचार गरिएकोमा सडकको केन्द्रविन्दु एकिन भई भविष्यमा संरचना भत्किने अवस्था आएको खण्डमा स्वयं जग्गाधनी जिम्मेवार हुने गरी हाललाई मिति २०८३।०१।१७ गते च.नं. ५०९१ बाट कार्य रोक्का गरिएको अस्थाइ संरचना निर्माण कार्य फुकुवा गर्ने निर्णय गरियो।

निर्णय नं. ११

घोराही उपमहानगरपालिकाको चालु आ.व. २०८२/८३का लागि १० प्रतिशत लागत सहभागितामा सिंचाई तथा खानेपानीका लागि पाइप खरिद शीर्षकमा रु. १० लाख विनियोजन भएकाले उक्त विनियोजित रकमबाट तपसिल आयोजनाहरु कार्यान्वयनका लागि छनौट गर्ने निर्णय गरियो।

तपसिलः

| क्र.स. | योजनाको नाम | वडा नं. | योजना स्थल | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|---|
| १ | भैसहवा खोनेपानी पाइपलाइन विस्तार | २ | भैसहवा | ९०,०००।०० | HDPE pipe |
| २ | भ्युडर बाह्कुने बराहक्षेत्र सिंचाइ डिपबोरिङ. मा पाइप बिस्तार | १३ | बाह्कुने | १,२०,०००।०० | |
| ३ | एकलघरुवा खल्यानमा डिपट्युवेल मर्मत | ९ | एकलघरुवा | १,४०,०००।०० | |
| ४ | सुदन खड्का र गौरीशंकरको खेत बिचमा रहेको बोरिङ.मर्मत | ५ | | ६०,०००।०० | |
| ५ | ओखरामा सिंचाइका लागि पाइपलाइन बिस्तार | १७ | ओखरा | १,२०,०००।०० | HDPE pipe |
| ६ | प्रगतिटोल पोखरा सिंचाईका लागी कपडा पाइप बिस्तार | ९ | पोखरा | ८०,०००।०० | ५००मि ४ इन्च |
| ७ | मर्पा डांडा चफला खेतमा स्यालो ट्यूववेल निर्माण | ०८ | मर्पा डांडा | २,६०,०००।०० | |
| ८ | गूरगैमाको प्रतिभा टोलको स्यालो ट्यूववेलमा पाइप बिस्तार | ०६ | गूरगै | ३०,०००।०० | |
| ९ | पोखरा गाउंमा स्यालो ट्यूववेलमा कपडा पाइप विस्तार | ०९ | पोखरा | ३०,०००।०० | |
| १० | पश्चिम सेवार अधूरो डिपबोरिङ. संचालन | ०८ | पश्चिम सेवार | ७०,०००।०० | |
| | जम्मा रु. | | | १०,००,०००।०० | |

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय



नरुलाल चौधरी

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

निर्णय नं. १२

१२.१ घोराही उपमहानगरपालिकाको चालु आ.व. २०८२/८३ का लागि अधुरा डिप बोरिङ र खानेपानी संचालन शीर्षकमा रु.२५ लाख बजेट विनियोजन भएकोमा तपसिलमा उल्लेखित अधुरा डिपबोरिङहरु संचालनका लागि २,०२,७९,६३१।- लागत अनुमान तयार भएको र उक्त अपुग रकम १,७७,७९,६३१।- आगामी आ.व. २०८३/८४को योजना तथा कार्यक्रममा बजेट सुनिश्चिता हुने गरी प्रकृया अगाडी बढाउन पूर्वाधार विकास महाशाखालाई अनुमती दिने।

तपसिलः

| सि.नं. | योजनाको नाम | योजनास्थल | अनुमानीत ल.ई. | कैफियत |
|---|---|---|---|---|
| १ | फुलवारी टोल सिंचाइ बोरिङ. जडान तथा संचालन | घो.उ.म.न.पा.वडा नं. १७ | १०,८९,८७०।६९ | |
| २ | झंगहवामा सिंचाइ बोरिङ. जडान तथा संचालन | घो.उ.म.न.पा.वडा नं. १६ | १२२२६१४।२८ | |
| ३ | बगरबट्टवामा सिंचाइ बोरिङ. जडान तथा संचालन | घो.उ.म.न.पा.वडा नं. १६ | १०९८९९८।५१ | |
| ४ | लमडरुवामा सिंचाइ बोरिङ. जडान तथा संचालन | घो.उ.म.न.पा.वडा नं. १० | ९७५४०२।९२ | |
| ५ | उत्तरअमराइ, पहलपारमा सिंचाइ बोरिङ. जडान तथा संचालन | घो.उ.म.न.पा.वडा नं. १० | ७७३१९८।९४ | |
| ६ | बड्काबटनिमा सिंचाइ बोरिङ. जडान तथा संचालन | घो.उ.म.न.पा.वडा नं. १० | १२३४३०४।९२ | |
| ७ | तेघरा गनारमा सिंचाइ बोरिङ. जडान तथा संचालन | घो.उ.म.न.पा.वडा नं. ०९ | १७१०६६०।८१ | |
| ८ | स्वर्गद्वारी टोलमा सिंचाइ बोरिङ. जडान तथा संचालन | घो.उ.म.न.पा.वडा नं. ०८ | १६०२९१८।३१ | |
| ९ | सूक्रवार र जपरपुरमा सिंचाइ बोरिङ. जडान तथा संचालन | घो.उ.म.न.पा.वडा नं. ०७ | १००३६३४।२४ | |
| १० | पिपलछहारी सिंचाइ बोरिङ. जडान तथा संचालन | घो.उ.म.न.पा.वडा नं. ०६ | १६२९७५७।३८ | |
| ११ | बचाहामा सिंचाइ बोरिङ. जडान तथा संचालन | घो.उ.म.न.पा.वडा नं. ०६ | ९७७३१६।९२ | |
| १२ | कचिलागनारमा सिंचाइ बोरिङ. जडान तथा संचालन | घो.उ.म.न.पा.वडा नं. ०५ | १०९४१७६।७२ | |
| १३ | तल्लोपारखेतमा सिंचाइ बोरिङ. जडान तथा संचालन | घो.उ.म.न.पा.वडा नं. ०४ | ११८४५८०।२७ | |
| १४ | गैराखुट्टीमा सिंचाइ बोरिङ. जडान तथा संचालन | घो.उ.म.न.पा.वडा नं. ०३ | १५४९८५८।४० | |
| १५ | मोतिपुरमा सिंचाइ बोरिङ. जडान तथा संचालन | घो.उ.म.न.पा.वडा नं. ०२ | १०५०३२६।७० | |
| १६ | चाक्लीघाट ढुंगाहान्ने लिफ्ट सिंचाइ निर्माण | घो.उ.म.न.पा.वडा नं. ०२ | २०८२०११।७९ | |
| | जम्मा रु. | | २०२७९६३१।८१ | |



रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

१२.२ घोराही उपमहानगरपालिकाको चालु आ.व. २०८२/८३ का लागि संभाव्यताका आधारमा नयाँ डिप बोरिङ निर्माण खर्च शीर्षकमा रु.३० लाख बजेट विनियोजन भएकोमा तपसिलमा उल्लेखित नयाँ बोरिङ निर्माण लागि ७५,५२,०७९।- लागत अनुमान तयार भएको र उक्त अपुग रकम ४५,५२,०७९।- आगामी आ.व. २०८३/८४को योजना तथा कार्यक्रममा बजेट सुनिश्चिता हुने गरी प्रकृया अगाडी बढाउन पूर्वाधार विकास महाशाखालाई अनुमती दिने।

तपसिलः

| सि.नं. | योजनाको नाम | अनुमानीत ल.ई. | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १ चेपेड्याममा नयाँ डिप बोरिङ | २५,८५,१६३।७२ | |
| २ | वडा नं. १६ गरुवागाउँ टोलमा नयाँ डिप बोरिङ | २४,४१,२८०।८२ | |
| ३ | वडा नं. ९ एकलघरुवामा नयाँ डिप बोरिङ | २४,९५,६३४।९२ | |

निर्णय नं. १३

अवैध रुपमा नदीजन्य पदार्थ (ढुङ्गा गिट्टी बालुवा ग्राभेल माटो आदी) को उत्खनन तथा ओसार पसार गरिरहेको अवस्थामा नेपाल प्रहरी तथा नगर प्रहरीबाट पक्राउ गरी असुल भएको राजस्वको २० प्रतिशत रकम सम्बन्धीत प्रहरी र नगर प्रहरीलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. १४

संजीवनी इन्स्टिच्युट अफ एडभान्स स्टडिज एण्ड टिचिङ हस्पिटल प्रा.लि.लाई स्वास्थ्य विमा कार्यक्रम संचालन गर्न सुचीकरणका लागि सम्बन्धीत निकायमा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. १५

१५.१ वडा नं. ३ लिलाराम चौधरीको साविक भैसकुर्मा ७क र ६क कि.नं. ३८८ र ११४ रहेको क्षेत्रफल ०-१-१० र ०-०-७ (वि.क.धु.) जग्गा सम्याउने प्रयोजनका लागि घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन कार्यविधि २०८१ अनुसार तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

१५.२ वडा नं. १२ मदन बहादुर रावतको साविक हापुर विजौरी ५घ कि.नं. १०६ क्षेत्रफल ४२३।२३ वर्गमिटर जग्गा सम्याउने प्रयोजन लागि घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन कार्यविधि २०८१ अनुसार तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

१५.३ वडा नं. १२ गोपाल प्रसाद धितालको नामका रहेको साविक हापुर ५ग कि.नं. १८५५ क्षेत्रफल ६७७।२६ वर्ग मिटर जग्गा सम्याउने प्रयोजन लागि घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन कार्यविधि २०८१ अनुसार तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।



रामबहादुर हमाल

नरुलाल चौधरी

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

१५.४ वडा नं. १० फिरिया कुमारी चौधरीको साविक नारायणपुर ५घ कि.नं. १९८४ क्षेत्रफल ३३८।६३ जग्गा सम्याउने प्रयोजन लागि घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन कार्यविधि २०८१ अनुसार तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

१५.५ वडा नं. १७ विर्जुलाल थारुको नामका रहेको साविक हरिद्वार ४ग कि.नं. ४६० क्षेत्रफल ०-२-० (वि.क.धु.) जग्गा सम्याउने प्रयोजनको लागि घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन कार्यविधि २०८१ अनुसार तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

१५.६ वडा नं. ९ सिता डि.सी.को नामका रहेको साविक ढिकपुर ४ग कि.नं. ३२५ क्षेत्रफल ०-१-० (वि.क.धु.) जग्गा सम्याउने प्रयोजनको लागि घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन कार्यविधि २०८१ अनुसार तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

१५.७ वडा नं. ९ तिलादेवी बस्नेतको नामका रहेको साविक ढिकपुर ४ग कि.नं. १५४ क्षेत्रफल ०-१-१३ (वि.क.धु.) जग्गा सम्याउने प्रयोजनको लागि घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन कार्यविधि २०८१ अनुसार तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

१५.८ वडा नं. ८ युवराज रावतको नारायणपुर ६ग कि.नं. ८५८ क्षेत्रफल ०-१-३.५ जग्गा सम्याउने प्रयोजन लागि घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन कार्यविधि २०८१ अनुसार तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

१५.९ वडा नं. १७ ढिकपुर स्थित कृत्रिम जलाशयबाट माटो निकाली सोही डयामको छेउछाउमा राख्ने प्रयोजनको लागि घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन कार्यविधि २०८१ अनुसार तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

१५.१० वडा नं. १ तेस्रे स्थित खिम बहादुर बस्नेतको नाममा दर्ता स्रेस्ता रहेको नक्सा नं. रामपुर ७/ग को कि.नं. ५९ र ६० को क्षेत्रफल ०-३-११ र-०-४-१५ ज.वि.रहेको निजि जग्गाबाट दिगो रुपमा ढुङ्गा संकलन/उत्खनन गर्ने प्रयोजनको लागि घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन कार्यविधि २०८१ अनुसार न्यु भिजन इन्जिनियरिङ सलुसन प्रा.लि.बाट तयार गरी पेश भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गर्ने।

१८.११ वडा नं. १९ स्थित मोहन सिं थापा मगर र रिसम थापा मगरको नाममा दर्ता स्रेस्ता रहेको साविक सैघा ५/ट को कि.नं. ५८, १ र ५७ को क्षेत्रफल ४-३-०-२, ४-३-३-१ र ४-३-०-१ (रो.आ.पै.दा.)रहेको निजि जग्गाबाट दिगो रुपमा ढुङ्गा संकलन/उत्खनन गर्ने प्रयोजनको लागि घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन कार्यविधि २०८१ अनुसार रारा इन्जिनियरिङ कन्सल्टेन्सी सुनिलस्मृती ४ रोल्पाबाट तयार गरी पेश भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गर्ने।

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश



रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

**निर्णय नं. १६**

घोराही उपमहानगरपालिका वडा नं. १७ सिस्नेखोलामा बृहत दाङ उपत्यका सिंचाइ आयोजनाको फाउन्डेसन खन्दा थुप्रिएको ग्राभेल माटो र ढुङ्गा थुप्रिएर रहेको वर्षाको समयमा बाढी आउदा खोलाले वरवरको खेतीयोग्य जमिनसमेत नोक्सान गर्न सक्ने अवस्था रहेकोले उक्त थुप्रिएर रहेको ग्राभेलको परिमाण प्राविधिकबाट नापजाँच गरी १७ नं वडा कार्यालयको प्रत्यक्ष निगरानीमा नियमानुसारको राजश्व लिई वडाबाटै कार्यान्वयन हुने आयोजनामा प्रयोग गर्नेगरी उक्त ग्राभेल उठाउन अनुमती दिने निर्णय गरियो।

**निर्णय नं. १७**

यस घोराही उपमहानगरपालिकामा संचालित सुरक्षित आप्रवासन कार्यक्रा (सामी) अन्तर्गत आप्रवासी केन्द्रबाट सूचना तथा परामर्श वित्तिय साक्षरता निशुल्क कानुनी सहायता सीप विकास तालिमको सहजीकरण लगायतका सेवाहरु एकीकृत रुपमा सामान्य प्रशासन महाशाखाको मातहतमा संचालन गर्ने र मनोसामाजिक परामर्श सेवा (वैदेशिक रोजगारको अलावा घरेलु हिंसा प्रकोप तथा विपद व्यवस्थापन लगायतका कार्यहरु) स्वास्थ्य शाखा मातहत संचालन गरी प्रगती प्रतिवेदन सम्बन्धीत शाखा प्रमुख समक्ष पेश गर्ने र अनुगमन तथा सुपरीवेक्षण पेश गर्ने र अनुगमन तथा सुपरीवेक्षण समितिद्वारा कम्तीमा ३ महिनाको १ पटक अनुगमन गर्ने निर्णय गरियो साथै वैदेशिक रोजगारीको वर्तमान अवस्थाको विश्लेषण गरी सुरक्षित व्यवस्थित र मर्यादित बनाउदै सामाजिक लागत न्यूनिकरणतर्फ जोड दिने र ३ वटै सरकारको साझेदारीमा वैदेशिक रोजगारी सम्बन्धी सेवाहरुलाई व्यवस्थापन तथा संचालन गर्ने निर्णय गरियो।

**निर्णय नं. १८**

१८.१ लुम्बिनी प्रदेश सरकारको स्थानीय निजामती सेवा ऐन २०८१ को दफा ७ उपदफा (२) बमोजिम सातौं तहमा तह मिलान भई यस घोराही उपमहानगरपालिकामा कार्यरत कर्मचारीहरुलाई निजामती सेवा ऐन २०८१को दफा ३१ बमोजिम आठौं तहमा वृद्धी गर्ने मिति २०८३।०१।३१ मा भएको निर्णय सदर गर्ने निर्णय गरियो।

१८.२ घोराही उपमहानगरपालिका वडा नं. १७ गुलरिया टोल अन्तर्गत गुलरिया तल्लो चोकलाई ऋषिराम चोक नामाकरण गर्ने टोल विकास समितिको निर्णयलाई समर्थन गर्दै उक्त चोकको नाम ऋषिराम चोक नामाकरण गर्ने निर्णय गरियो।

१८.३ घोराही उपमहानगरपालिका वडा नं. १२ थाक्ले डाँडाको खेलकुद मैदान मर्मत तथा सरसफाई कार्यका लागि जे.सी.बी. इन्धन सहित उपलब्ध गराउने निर्णय गरियो।

१८.४ आगामी आ.व. २०८३/८४को नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम निर्माणका लागि गठित कार्यदलका संयोजक तथा सदस्यहरुलाई विभिन्न विषय क्षेत्रगत रुपमा बस्ने बैठकको बैठक भत्ता रु.१०००।-को दरले उपलब्ध गराउने।

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
दाङ, नेपाल

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत



नरुलाल चौधरी
नगर प्रमुख

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

१८.५ यस कार्यालयमा का.स. पदमा कार्यरत भक्त बहादुर पोखेललाई उहाँको आमाको काजकिरिया खर्चका लागि आर्थिक सहयोग माग गर्नुभएकोले उहाँलाई सहयोग स्वरुप रु. १० हजार उपलब्ध गराउने। त्यसै गरी यस कार्यालयमा कुचिकार पदमा कार्यरत भद्र बहादुर सुनारलाई मिति २०८२।०६।१९ गते कार्यालयमा डिउटी कै समयमा अचानक प्रेसरले हानी विरामी पर्नुभएकोले उहाँलाई उपचार खर्च स्वरुप रु.१० हजार उपलब्ध गराउने। त्यसैगरी यस कार्यालयमा कार्यरत ग्रेडर अपरेटर पदमा कार्यरत अनिता चौधरीलाई औषधी उपचार खर्च स्वरुप सहयोग रकम रु. १० हजार उपचारमा खर्च भएको विल अनुसार उपलब्ध गराउने निर्णय गरियो।

१८.६ थारु कल्याणकारिणी सभाको केन्द्रीय भेला यही मिति २०८३ वैशाख १८ र १९ गते हुन गइरहेकाको उक्त भेलाका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि अनुरोध भई आएकोले थारु कल्याणकारिणी सभालाई कार्यक्रममा भएको खर्चको विल अनुसार अधिकतम रु.१०,०००।— सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

१८.७ वडा नं. १८ लुगुम्याल खाम समाज दाङलाई भुमे पर्व र भूमे पुजा निरन्तरका लागि रु.२० हजार घोराही उपमहानगरपालिकाको धार्मिक तथा सांस्कृतिक संस्था सहायता शिर्षकबाट उपलब्ध गराउने।

१८.८ घोराही उपमहानगरपालिका वडा नं. ३ स्थित कञ्चन पेट्रोल पम्पदेखि भानपुर चोकसम्म सडक स्तरउन्नतीका लागि चालु आ.व.मा रु.३ लाख बजेट विनियोजन भएकोमा विविध कारणले उक्त आयोजना उपभोक्ता समितिबाट कार्यान्वयन नहुने अवस्था आएकोले उपभोक्ता समितिबाट यस कार्यालयमा मिति २०८२।१२।०८ गते (रसिद नं. १०६१९) बुझाएको १० प्रतिशत लागत सहभागिता वापतको रकम रु.३० हजार उपभोक्ता समितिलाई घोराही उपमहानगरपालिकाको अन्य फिर्ता शीर्षकबाट फिर्ता दिने निर्णय गरियो।

१८.९ राप्ती साहित्य परिषद दाङलाई कवि गोष्ठी तथा २६औ साधारण सभाका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि अनुरोध भई आएकोले राप्ती साहित्व परिषद दाङलाई कार्यक्रममा भएको खर्चको विल अनुसार अधिकतम १५ हजारसम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट खर्च हुने गरी उपलब्ध गराउने।

१८.१० घोराही उपमहानगरपालिका वडा नं. १८ स्थित कटुवा खोला सवदाह गृहदेखि पूर्वतर्फ र प्युठान जाने सडकको दक्षिण तर्फको भागमा ग्राभेल थुप्रिएर रहेको, उक्त थुप्रिएर रहेको ग्राभेल नउठाएमा वर्षातको समयमा खोलामा बाढी आउदा वरपरको जमिनमा नोक्सानी पुऱ्याउन सक्ने सम्भावना रहेको हुँदा उक्त ग्राभेल उठाउन अनुमतीका लागि जिल्ला विपद व्यवस्थापन समितिमा अनुरोध गर्ने निर्णय गरियो।

१८.११ जग्गा प्लटिङ सम्बन्धमा घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ को दफा ८ को उपदफा (१) को खण्ड (च) बमोजिम बाटो र खुल्ला क्षेत्रका लागि छुट्याएको जग्गा नेपाल सरकारको नाममा लगतकट्टा कायम गरेर मात्र सिफारिस गर्न सबै वडा कार्यालयहरुलाई परिपत्र गर्ने।

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
दाङ, नेपाल

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत



नरुलाल चौधरी
नगर प्रमुख

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

१८.१२ घोराही उप-महानगरपालिकाको नगरसभाबाट चालु आर्थिक वर्ष २०८२/०८३ मा संचालन हुने ठे.नं. **NCB/WORKS/GSMC/20/077/078, 15** शैया हस्पिटल भवन निर्माण योजनाका लागि हाल VO1 गर्नु पर्ने अत्याबश्यक भएकोले सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११८ (५) बमोजिम गठित विषेशज्ञ समितिको सिफारीसमा BOQ मा उल्लेख नभएका आइटमहरु Aluminium झ्याल ढोकाहरु, जस्ता पाताको छाना लगाउने काम, जस्तापातामा लाग्ने फलामको ट्रसको कार्य Out wairing को लागि चाहिने Listic आदि कार्यहरुमा दुबै पक्ष बिच दर रेट नेगोसीयसन गरी कार्य गर्ने र मेजर आइटमहरु जस्तै E/w excavation, Earth filling, Brick soling,PCC, RCC,Rainforcement, Form, Plaster, Painting work आदि कार्यमा Quantity घटि/बढि हुन गएकोमा बोल कबोल रकममा बढ्ने गरी विशेषज्ञ समुहको सिफारीसमा भेरीएशन अडर १ गरी Variation Sheet मा उल्लेख भए अनुसार Original Contract Amount लाई Change Contract Amount को आधारमा सुधार गरी VO1 र Justification समेत यसै साथ संलग्न राखी शुरुको कबोल ठेक्का अंक रु.१०,९४,२०,४१७८० भ्याट र कन्टेन्जेन्सी सहित टेण्डर स्विकृत भएकोमा १८.३२४ प्रतिशत बढिको VO1 स्विकृत गर्ने निर्णय गरियो।

१८.१३ स्थानीय तहबाट जारी हुने कन्सुलर सेवा विभागबाट प्रमाणीकरण गरिने कागजातहरुको नयाँ ढाँचा/नमूना र स्थानीय तहको वडाबाट हुने सिफारिस प्रमाणीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन विविध कार्यक्रम खर्च शीर्षकबाट खर्च हुने गरी गर्ने निर्णय गरियो।

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
दाङ, नेपाल

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख